Phone No: 076550383

# बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाणगंगा, कपिलवस्तु
### लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:०७९।८०

चलानी नं.:

मिति: २०८०।०३।०४

विषय: आर्थिक बर्ष २०७९/८० को भुक्तानी निकासा सम्बन्धि सुचना।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (७) "प्रदेश तथा स्थानीय तहले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शीर्षकको हकमा बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने **भुक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडि भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ**" भन्ने ब्यवस्था तथा सोही नियमको उपनियम (३) अनुसार आर्थिक वर्षको अन्तिम दिन हिसाब मिलान गर्ने तथा राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक कार्य नगर्ने व्यवस्था रहेको छ।

उल्लिखित कानूनी व्यवस्था, बर्षान्तमा हुने गरेको कामको अत्याधिक चाप, SuTRA प्रणालीमा आउन सक्ने प्राविधिक समस्या, समयमै कारोबारको हिसाब मिलान गरी कानून बमोजिम अनुदान फिर्ता गर्नुपर्ने प्राबधान लगायतका कारण यस कार्यालयलाई आर्थिक दायित्व रहेका कार्यक्रम तथा आयोजना रित पुर्वक ***मिति २०८०/०३/१५ गते भित्र*** यस कार्यालयको आर्थिक प्रशासन शाखामा पेश गर्न पुन: स्मरण गराई यो सूचना प्रकाशित गरिएको छ।

तोकिएको समय पश्चात आर्थिक कारोबारको भुक्तानी सम्बन्धि काम कारबाही नहुने हुँदा सो कारण सृजित दायित्व सम्बन्धमा कार्यालय जवाफदेही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

..................

२०८०।०३।०४

खिमानन्द भुसाल

प्रमुख प्रशासकीय अधिकृत